नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

नेपाल मानव अधिकार संगठन (HURON)

कोषाध्यक्षको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८२ र ८३ (वि.सं. २०८२ श्रावण १ - २०८३ असार ३२, ई.सं. १७ जुलाई २०२५ - १६ जुलाई २०२६)

१. आर्थिक वर्ष २०८२ र ८३ मा नेपाल मानव अधिकार संगठन (HURON) को लेखापरीक्षण निशर्त (Unqualified) राय सहित सम्पन्न भएको छ, कुल आम्दानी र कुल खर्च रु. २७,६७,६९१.५६ रहेको छ र बचत/घाटा शून्य छ।

विवरण	जानकारी
लेखापरीक्षित विवरणमा संस्थाको नाम	नेपाल मानव अधिकार संगठन (Nepal Manab Adhikar Sangathan), Human Rights Organisation of Nepal (HURON)
कानुनी हैसियत	समाज कल्याण ऐन, २०४९ अन्तर्गत स्थापित गैरसरकारी, नाफारहित संस्था, समाज कल्याण परिषद् र जिल्ला प्रशासन कार्यालयसँग आवद्ध
आयकर दर्ता	आयकर ऐन अन्तर्गत मिति २०६१।०२।२२ मा दर्ता, कर छुट प्राप्त संस्था
स्थायी लेखा नम्बर (PAN)	३०१६३३७७०
केन्द्रीय कार्यालय	अनामनगर-२९, काठमाडौं, नेपाल
प्रतिवेदन अवधि	२०८२ श्रावण १ देखि २०८३ असार ३२ गतेसम्म (१७ जुलाई २०२५ देखि १६ जुलाई २०२६)

विवरण	जानकारी
मुद्रा	नेपाली रुपैयाँ (रु.), ऐतिहासिक लागतको आधारमा
लेखा ढाँचा	गैरनाफामूलक संस्थाका लागि नेपाल लेखामान (Nepal Accounting Standards for NPOs)
लेखापरीक्षक	जे. आर. पाण्डे एण्ड एसोसिएट्स (J. R. Panday & Associates), दर्तावाला लेखापरीक्षक (B), भक्तपुर, ज्योति राम पाण्डे, COP नं. १२८८
लेखापरीक्षण प्रतिवेदनको मिति	२०८३।०५।२१ (UDIN: 260906RA01724eCMQy)
कार्यसमितिबाट वित्तीय विवरण स्वीकृत	२०८३।०५।२६

२. संगठनको आर्थिक अवस्था र स्रोत परिचालन

आ.व. २०८२/८३ मा संगठनले कुल रु. २७,६७,६९१.५६ आम्दानी परिचालन गरी सोही रकम खर्च गरेको छ; बचत/घाटा शून्य छ। कुल आम्दानी अघिल्लो वर्षको तुलनामा ८.८०% ले घटेको छ। आम्दानीमा "अन्य रकम सङ्कलन गतिविधि" (मुख्यतः सदस्यता, केही प्रायोजन तथा सहयोग) रु. २१,९०,०००.०० (७९.२०%) र अप्रतिबन्धित अनुदान रु. ५,७५,२३४.७५ (२०.८०%) रहेको छ; अनुदान अघिल्लो वर्षको तुलनामा ११२.१९% ले बढेको छ।

वर्षभरि संस्थाले आफ्नो आर्थिक स्रोत विस्तार गर्न सक्रिय प्रयास गरेको छ, UNHCR, अमेरिकी तथा स्विस दूतावास, एक्शन एड इन्टरनेशनल नेपाल, Just Rights for Children in Nepal / National Endowment for Democracy लगायतका संयुक्त राष्ट्रसङ्घीय निकाय, दूतावास, अन्तर्राष्ट्रिय प्रतिष्ठान तथा गैरसरकारी संस्थाहरूमा अवधारणापत्र, प्रस्ताव तथा चासो अभिव्यक्ति (EOI) पेश गरिएको थियो। ताइवान फाउण्डेसन फर डेमोक्रेसी (TFD) र UNHCR (शरणार्थी कानुनी सहायता अवधारणापत्र)ले संस्थाको आवेदन स्वीकृत गरे, केही अन्य संस्थासँग कार्यात्मक सहकार्य भएको छ, बाँकी आवेदन जवाफको प्रतीक्षामा छन्, चयन भएनन् वा कुनै जवाफ प्राप्त भएको छैन। संस्थाको आय मुख्यतया सदस्यताबाट र केही अंश, सहयोग तथा अनुदानबाट प्राप्त भएको।

तालिका १ : वित्तीय अवस्था (सारांश)

विवरण (रु.)	२०८३ असार ३२	२०८२ असार ३२	परिवर्तन
सम्पत्ति, मेसिनरी तथा उपकरण	२,६९,२२२.३८	२,६१,५८१.०६	२.९२%
नगद तथा नगद सरह	२,६९,७८९.३१	५९,३९७.०३	२,१०,३९२.२८
प्राप्य खाता	१,९५२.१६	५,९३०.२९	−६७.०८ %

कुल सम्पत्ति	५,४०,९६३.८५	३,२६,९०८.३८	६५.४८ %
कुल दायित्व (सबै चालु)	५,३५,०५७.८५	३,२१,००२.३८	६६.६८ %
कोष	५,९०६.००	५,९०६.००	परिवर्तन छैन
चालु अनुपात (चालु सम्पत्ति / चालु दायित्व)	०.५१ गुणा	०.२० गुणा	

नगद रु. २,१०,३९२.२८ ले बढेर रु. २,६९,७८९.३१ पुगेको छ, तर यो बचतबाट होइन; भुक्तानी दिनुपर्ने दायित्व रु. २,१४,०५५.४७ ले बढेका कारण हो । वर्षभरि रु. ३८,४९९.१० को कम्प्युटर तथा कार्यालय उपकरण थप भएको छ भने कोषमा कुनै परिवर्तन भएको छैन । संस्थाको नाममा जग्गा, भवन वा सवारी साधन छैन; दीर्घकालीन दायित्व, ऋण, लगानी, मौज्दात पनि छैन ।

२.१ प्राप्त स्रोत

अनुदानले प्राप्त स्रोतको २०.८५% (रु. ५,७५,२३४.७५) र अन्य रकम सङ्कलन गतिविधिले ७९.२५% (रु. २१,९०,०००.००) ओगटेको छ ।

तालिका २ : प्राप्त स्रोत (सारांश)

स्रोत (रु.)	आ.व. २०८२/८३	आ.व. २०८१/८२
अनुदान, कोष	५,७५,२३४.७५	२,७१,०९५.९०
अन्य रकम सङ्कलन गतिविधि	२१,९०,०००.००	२७,६२,०६८.०९
जम्मा प्राप्त स्रोत	**२७,६५,२३४.७५**	**३०,३३,१६३.९९**

लेखापरीक्षित टिप्पणीमा अनुदान, अक्षयकोषबाट आय, कर्पोरेट रकम सङ्कलन, वस्तुगत उपहार वा व्यापारिक नाफा देखाइएको छैन । संस्थाले आफ्नो आय मुख्यतः सदस्यताबाट र बाँकी प्रायोजन तथा सहयोगबाट प्राप्त हुने जनाएको छ ।

३. आय-व्यय विवरण

तालिका ३ : आय-व्यय विवरण (सारांश)

विवरण (रु.)	आ.व. २०८२/८३	आ.व. २०८१/८२	परिवर्तन
आम्दानी			
अनुदान	५,७५,२३४.७५	२,७१,०९५.९०	११२.१९५
अन्य रकम सङ्कलन गतिविधि	२१,९०,०००.००	२७,६२,०६८.०९	—२०.७१५
वित्तीय आय (ब्याज)	२,४५६.८१	१,४२१।९३	७२.७८५
कुल आम्दानी	**२७,६७,६९१.५६**	**३०,३४,५८५.९२**	**—८.८०५**
खर्च			
कार्यक्रम खर्च	१८,२५,८६४.५८	२४,९६,४३८.८९	—२६.८६५
सामान्य तथा प्रशासनिक खर्च	६,१०,९६९.२०	५,०३,६५८.१४	२१.३१५
कर्मचारी खर्च	३,००,०००.००	०.००	नयाँ
ह्रासकट्टी	३०,८५७.७८	३४,४८८।९०	—१०.५३ %
कुल खर्च	**२७,६७,६९१.५६**	**३०,३४,५८५.९२**	**—८.८० %**
वर्षको बचत र (घाटा)	**०.००**	**०.००**	**परिवर्तन छैन**

कुल खर्चमा कार्यक्रम खर्चको हिस्सा ६५.९७ % (अघिल्लो वर्ष ८२.२७ %), प्रशार्सानिक खर्च २२.०८ %, कर्मचारी खर्च १०.८४ % र ह्रासकट्टी १.११ % रहेको छ । प्रशासनिक खर्चको ७८.५६ % (रु. ४,८०,०००) कार्यालय भाडा हो; प्रशासनिक खर्चमा भएको रु. १,०७,३११.०६ को वृद्धिमध्ये रु. ८७,९६०.०० कार्यालय भाडाबाट भएको हो । कर छुट प्राप्त भएकाले आयकर खर्च छैन र कुनै रकम कोष वा अक्षयकोषमा छुट्याइएको छैन ।

४. आर्थिक स्रोतको उपयोगबाट प्राप्त संस्थागत उपलब्धि

- **कार्यमूलक उपयोग** : परिचालित स्रोतको ६५.९७ % (रु. १८,२५,८६४.५८) प्रत्यक्ष कार्यक्रममा खर्च भएको छ ।
- **पूर्ण उपयोग र ऋणमुक्त सञ्चालन** : प्राप्त सबै रकम वर्षभित्रै उपयोग भई बचत घाटा शून्य रहेको छ; संस्थाले कुनै ऋण लिएको वा ऋण भुक्तानी वा लगानी कारोबार गरेको छैन ।
- **संस्थागत क्षमता सुदृढीकरण** : अघिल्लो वर्ष शून्य रहेको कर्मचारी खर्च यस वर्ष रु. ३,००,००० पुगी नियमित सञ्चालन व्यवस्थित भएको छ, र रु. ३८,४९९.१० को कम्प्युटर तथा कार्यालय उपकरण थपिएको छ ।
- **स्रोत विविधीकरणमा प्रगति** : अनुदान ११२.१९५ ले बढेको छ; TFD / UNHCR बाट आवेदन स्वीकृत भएको ।
- **संस्थागत विश्वसनीयता** : शर्तरहित लेखापरीक्षण राय र आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र प्राप्त हुनुले दाता तथा साझेदारसँग विश्वास कायम गर्ने आधार तयार गरेको छ ।

कार्यक्रमगत उपलब्धिको विस्तृत विवरण महासचिवको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

५. आर्थिक पारदर्शिता, अनुशासन र जवाफदेहिता

- **स्वतन्त्र लेखापरीक्षण** : वित्तीय विवरणले २०८३ असार ३२ को वित्तीय अवस्था, आर्थिक कार्यसम्पादन र नगद प्रवाहलाई सत्य र निष्पक्ष ढङ्गले प्रस्तुत गरेको छ । लेखापरीक्षण नेपाल लेखापरीक्षण मान अनुसार भई लेखापरीक्षक ICAN को आचारसंहिता अनुसार स्वतन्त्र छन् (UDIN: २६०९०६RA०१७२४eCMQy); लेखा अभिलेखसँग विवरण मेल खान्छ र कुनै रकम दुरुपयोग वा अनियमितता देखिएको छैन ।
- **लेखा नीति** : ऐतिहासिक लागत र प्रोदभावी (accrual) आधार; अनुदानको आय सर्त पूरा भई सम्बन्धित खर्च भएपछि मात्र मान्यता; ह्रासकट्टी सरल रेखा विधिबाट (कम्प्युटर उपकरण ८, कार्यालय उपकरण १०, फर्निचर १२) गरिएको छ ।
- **कर अनुपालन** : आयकर विवरण २०८३।०५।२२ मा पेश भई आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट २०८३।०६।०८ मा कर चुक्ता प्रमाणपत्र (नं. ८३६५११२७९) जारी भएको छ । घोषित आय रु. २७,६७,६९१.०० मा करयोग्य आय शून्य छ; TDS रु. ३,६००.०० (लेखापरीक्षण शुल्कमा रु. ६००, पारिश्रमिकमा रु. ३,०००) २०८३।०५।२२ मा नेपाल बैंक लि. मार्फत दाखिला भएको छ । आयकर ऐन अनुसारको ह्रासकट्टी (रु. ६५,१२६.६३) र खातागत ह्रासकट्टी (रु. ३०,८५७.७८) बीचको रु. ३४,२६८.८५ अन्तरले स्व-निर्धारित कर घाटा देखिएको छ ।

- **आन्तरिक जवाफदेहिता** : वित्तीय विवरण कार्यसमितिबाट स्वीकृत छन; सञ्चालक समिति सदस्य वा कार्यकारी निर्देशकलाई पारिश्रमिक, बैठक भत्ता वा तलब सम्बद्ध पक्षको कारोबारका रूपमा देखिएको छैन, र कुनै पुँजीगत प्रतिबद्धता वा सम्भावित दायित्व छैन ।

६. आर्थिक चुनौती र स्रोत अभावको यथार्थ चित्रण

- **घट्दो स्रोत** : कुल आम्दानी ८.८०% र कार्यक्रम खर्च २६.८६% ले घटेको छ; कुल खर्चमा कार्यक्रमको हिस्सा ८२.२७% बाट ६५.९७% मा झरेको छ ।
- **आरक्षित कोषको अभाव** : बचत/घाटा शून्य र कोष छैन; अनुदान ढिलो भएमा वा नआएमा सञ्चालन जोखिममा पर्न सक्छ ।
- **तरलताको दबाब** : नगद रु. २,६९,७८९.३१ ले कुल दायित्व रु. ५,३५,०५७.८५ को आधा (०.५१ गुणा चालु अनुपात) मात्र धान्छ; नगद वृद्धि बचतबाट नभई भुक्तानी बाँकी रहेका दायित्व (भाडा, लेखापरीक्षण शुल्क, TDS समेत) बढेका कारण भएको हो ।
- **स्थिर खर्चको भार** : कार्यालय भाडा, कर्मचारी र लेखापरीक्षण शुल्क मात्र रु. ८,२०,००० (कुल आम्दानीको २९.६३%) हुन्छ, जुन अनुदान (रु. ५,७५,२३४.७५) भन्दा बढी हो; कार्यालय भाडा मात्र २२.४४% ले बढेको छ ।
- **स्रोतमा निर्भरता** : आम्दानीको ७९.२०% "अन्य रकम सङ्कलन" मा आधारित छ भने बहुवर्षीय अनुदान छैन; धेरै आवेदन संगठनबाट अनुदानका लागि गरेको जवाफको प्रतीक्षामा छन ।
- **प्रतिबद्ध रकम प्राप्त नहुनु** : अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) ले निर्वाचन पर्यवेक्षकलाई भत्ता उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि यस संगठनले उक्त भत्ता पाएको छैन; मिति २०८३।०४।०६ मा पत्र पठाइए पनि हालसम्म कुनै रकम प्राप्त भएको छैन ।

७. आगामी आर्थिक वर्ष (२०८३/८४) को बजेट, स्रोत संकलन र कार्यक्रमगत आर्थिक योजना

- आगामी वर्षहरूमा संगठनको न्यूनतम स्रोत परिचालन लक्ष्य रु. १ करोडभन्दा बढी रहनेछ ।
- रु. १ करोड पुऱ्याउन बहुवर्षीय साझेदारी खोज्दै स्रोतलाई कम्तीमा तीन-चार दातामा विविधीकरण गर्ने र क्रमशः आरक्षित कोष खडा गर्ने ।
- सदस्यता, प्रायोजन तथा स्थानीय सहयोगको वर्तमान स्तर कायम राख्दै सदस्यता नवीकरण र स्थानीय योगदान बढाउने ।
- दाताको प्रस्ताव प्रक्रियामा रहेका अवसरलाई निरन्तरता दिने: TFD दोस्रो चरण (प्रस्तावित अमेरिकी डलर १५,००० - २०,००० जसमा संगठनको आफ्नै योगदान करिब अमेरिकी डलर ६,५००) र UN Women (द्वन्द्वप्रभावित महिलासम्बन्धी प्रस्ताव) । यी स्वीकृत हुन बाँकी छन ।
- प्रत्येक प्रस्तावमा कार्यालय भाडा, कर्मचारी र लेखा/लेखापरीक्षण जस्ता संस्थागत खर्चको उचित अंश समावेश गरी स्थिर खर्चको भार स्रोतमा मात्र नपार्ने ।

- कार्यक्रम बजेट संगठनका चार रणनीतिक लक्ष्य – उत्तरदायित्व तथा कानुनी शासन, लोकतान्त्रिक शासन, सामाजिक समावेशीकरण तथा न्याय र संस्थागत सुदृढीकरण – अनुसार छुट्याइने र परियोजनागत छुट्टै लेखा राखिने ।

वार्षिक वित्तीय प्रतिवेदन प्रस्तुतकर्ता :

टीका डाँगी

कोषाध्यक्ष, नेपाल मानव अधिकार संगठन (HURON)